# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०८।२० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

अरुणोदय निम्न माध्यमिक विद्यालय, उडितोला, डोटीका प्रधानाध्यापक नवराज जोशीले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र बनाई शिक्षक पदमा कार्यरत रहेकाले छानबिन गरी आवश्यक कारबाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, उत्तर प्रदेश, ईलाहाबाद, भारतबाट प्राप्त गरेको हाईस्कूल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रा.शि. चतुर्थ श्रेणीमा स्थायी नियुक्ती लिएको र इण्टरमिडियट तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्राथमिक तह द्वितीय श्रेणीमा बढुवा समेत भई सरकारी लाभ तथा सुविधा लिएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा(१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता